**मितिः२०७७/४/०७ गते**

**छलफल तथा निर्णयहरु**

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हितसमितिको बैठक समितिका सभापतिको अध्यक्षतामा बस्यो । उक्त बैठकले अर्थ मन्त्रालयकामाननीय मन्त्री रराजस्व सचिव, ऊर्जा सचिवसँगभन्सार दर पुनरावलोकन मार्फत स्वदेशी उद्योगहरुको संरक्षण, सरकारी तवरबाट हुने निर्माण कार्यहरुमा स्वदेशी वस्तुहरुको उपयोग सम्बन्धमा छलफल गरी देहाय बमोजिमनिर्णय गऱ्यो ।

1. सरकारी निकायबाट हुने निर्माण वा खरिद सम्बन्धी कार्यको ठेक्का प्रक्रियाको लागिबनाइने विड डकुमेण्टमा प्रतिस्पर्धालाई सीमित गराउने गरी नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण लगायत नेपाल सरकारको स्वामित्वमा रहेका विभिन्न निकायहरुले अब्यवहारिक र अनावश्यक शर्तहरु राखी स्वदेशी व्यवसायीले प्रतिस्पर्धामा भाग लिनसम्म पनि नपाउने गरेको पाइएको हुँदा यस सम्बन्धमा समितिको गम्भीर ध्यान आकर्षण भएको छ। सरकारी निकायबाट अब उप्रान्त बनाईने विड डकुमेन्टलाई सरलीकृत गर्दै उल्लेखित विषयका कामको संवेदनशीलता र गुणस्तरमा कुनै सम्झौता नहुने गरी सक्षम नेपाली व्यवसायीलाई कुनै अनावश्यक र अब्यवहारिक शर्त राखि प्रतिस्पर्धाबाट बञ्चित गराईने कार्य तत्काल अन्त्य गर्न नेपाल सरकार मन्त्रीपरिषद,अर्थ मन्त्रालय र नेपाल सरकार अन्तर्गतका सम्बन्धित सबै निकायलाई निर्देशन गर्दछ ।
2. नेपाल सरकारका निकायहरुबाट सञ्चालन हुने विकासनिर्माणसम्बन्धी कार्यमा स्वदेशी उद्योगहरुबाट उत्पादित बस्तुहरुलाई छनौट नगरी विदेशी उत्पादनलाई प्राथमिकता र प्रश्रय दिने गरिएकोले आगामी दिनहरुमा स्वदेशी उद्योगहरुबाटउत्पादित नेपाल एन. एस. वा आई. एस.ओ. चिन्ह प्राप्त बस्तुहरुलाई त्यस्ता विकास निर्माण सम्बन्धी कार्यमा सार्बजनिक खरिद ऐन र औद्योगिक व्यवसाय ऐनका प्राबधान अनुसार 15% महङ्गो भएपनि स्वदेशी वस्तु प्रयोग गरिनुपर्ने व्यवस्थालाई पूर्ण रुपमा लागु गर्न नेपाल सरकार मन्त्रीपरिषद,अर्थ मन्त्रालय र नेपाल सरकार अन्तर्गतका सम्बन्धित सबै निकायलाई निर्देशन गर्दछ ।
3. स्वदेशी उद्योगहरुले ICB ( International Competitive Bidding) मा भाग लिँदा विदेशी मुद्रामा पनि भाग लिन पाउनुपर्ने र नेपाली मुद्रा उल्लेख गरी भाग लिएमा

विदेशी मुद्रा सरहको मान्यता दिई Deemed Export सरहको सुबिधा उपलब्ध गराउननेपाल सरकार मन्त्रीपरिषद,अर्थ मन्त्रालय र नेपाल सरकार अन्तर्गतका सम्बन्धित सबै निकायलाई निर्देशन गर्दछ।

4. स्वदेशमै आत्मनिर्भरतातर्फ उन्मुख भइसकेका कतिपय वस्तुहरु जस्तै एलपी..जी. ग्यास सिलिण्डर, औपधि, विटुमिनच ,सिमेन्ट ,कर्कट जस्तापाता ,िनी जस्ता उद्योगहरुको प्रवर्द्धन गर्न विदेशबाट आयात गर्ने नीतिलाई पूर्ण रुपमा निरुत्साहित गर्न र आयात गर्नुपर्ने बाध्यात्मक परिस्थितिमा समेत स्वदेशमा उत्पादित वस्तुलाई प्रतिस्पर्धा र उपभोक्ताले स्वतन्त्र रुपमा गुणस्तरीय वस्तु सुपथ मूल्यमा उपभोग गर्न पाउने अधिकारको हनन नहुने गरी भन्सार दरबन्दी तथा एन्टिडम्पिङ्ग ड्युटीको माध्यमबाट स्वदेशी उद्योगको संरक्षण र उपभोक्ताको हित अभिबृद्धिमा सन्तुलन कायम हुने नीति अवलम्बन गर्ननेपाल सरकार मन्त्रीपरिषद,अर्थ मन्त्रालय र नेपाल सरकार अन्तर्गतका सम्बन्धित सबै निकायलाई निर्देशन गर्दछ।

5. नेपालमा हुने निर्माण कार्यमा स्वदेशी उत्पादकबाट पूर्ण रुपमा गुणस्तरीय सामान आपूर्ति गर्न सक्ने क्षमता भएको अवस्थामा समेत सम्बन्धित विभाग वा आयोजनाको सिफारिसमा १भन्सार दरमा % विदेशी सामानहरु आयात भई स्वदेशी उद्योगहरु अत्यन्तै मर्कामा परेको  पाइएकोले त्यसरी स्वदेशी उद्योगहरुलाई मर्का पर्ने गरी विदेशी सामान आयात गर्ने नीति तत्काल अन्त्य गर्न,साफ्टा सुविधा अन्तरगत आयात गरिने वस्तुको सूचीमा समयसापेक्ष परिवर्तन गर्न रबाध्यात्मक अवस्था परी भन्सार छुटमा विदेशी सामान आयात गर्नुपरेमानेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट मात्र आयात हुने व्यवस्था गर्ननेपाल सरकार मन्त्रीपरिषद, अर्थ मन्त्रालय र नेपाल सरकार अन्तर्गतका सम्बन्धित सबै निकायलाई निर्देशन गर्दछ।

**मितिः २०७७/४/१५ गते**

**छलफल तथा निर्णयहरु**

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठक समितिका सभापतिको अध्यक्षतामा बस्यो । उक्त बैठकले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका  माननीय मन्त्री र सचिव, वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशकसँग वस्तुको प्रत्यक्ष विक्रि वितरण

गर्ने वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागबाट प्रदान गरिएको अनुमति लगायत समसामयिक विषयका सम्बन्धमा छलफल गरी देहाय बमोजिमका निर्णय गऱ्यो ।

1.वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागबाट वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्ने संस्थाहरुलाई इजाजत प्रदान गर्ने कार्य अर्को निर्णय नभएसम्म तत्काल रोक्न नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

२. वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्ने हालसम्म विभागले अनुमति दिएका कम्पनीका संचालकहरु, विभागबाट वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्ने इजाजत प्रदान गर्ने सम्बन्धमा जारी गरिएको निर्देशिका तथा विगतमा नेटवर्किङ व्यसायको माध्यमबाट सर्वसाधारण जनतालाई ठगी गर्ने व्यक्तिहरुको विस्तृत विवरण ३(तीन) दिन भित्र समितिलाई उपलब्ध गराउन नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

३. वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागले लाइसेन्स वितरण गर्दा अबलम्बन गरिएको प्रक्रिया, विगतमा कुनै न कुनै Networking व्यवसायको माध्यमबाट सर्वसाधारण जनतालाई ठगी गर्ने मानिसहरुले नै नयाँ कम्पनी दर्ता गरे नगरेको, तिनै व्यक्तिहरुले कम्पनी दर्ता गरेको पाइएमा त्यस्ता व्यक्तिहरुलाई गर्नुपर्ने कारबाही र वस्तुको प्रत्यक्ष बिक्री वितरणको माध्यमबाट सर्वसाधारण जनतालाई ठगी हुन नदिन भविष्यमा अबलम्बन गर्नुपर्ने उपायहरु समावेश गरी राय सुझाव सहितको प्रतिवेदन १(एक) महिना भित्र समिति समक्ष पेश गर्ने देहाय बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो।

१. मा. सोम प्रसाद पाण्डे- संयोजक
२. मा. अमृता अग्रहरी- सदस्य
3. मा. कृष्ण कुमार श्रेष्ठ- सदस्य
4. मा. प्रकाश रसाईली"स्नेही"-सदस्य
5. मा. सरिता कुमारी गिरी- सदस्य

**मिति २०७७/०५/०२**

**निर्देशन तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमाकोभिड-19 को कारणबाट लामो समयदेखि रोजगारी गुमाई विदेशमा अलपत्र अवस्थामा परेका नेपाली श्रमिकहरुलाई स्वदेश ल्याउने सम्बन्धमा भएको कार्यप्रगति, शीघ्र उद्धारकार्य हुन नसक्नुका कारण र समस्या समाधानका सम्बन्धमा श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्री ,, परराष्ट्र तथाश्रम, रोजगार तथा

सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र बैदेशिक रोजगार प्रबर्द्धन बोर्डका कार्यकारी निर्देशकको सहभागितामा भएको छलफल पश्चात देहायबमोजिम निर्णय गऱ्योः

1. आजको बैठकमा आमन्त्रण गरिएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री विना जानकारी समितिको बैठकमा अनुपस्थित हुनुभएकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

2. वैदेशिक रोजगारीको लागि साउदी अरब, कतार, कुवेत, मलेसिया आदि देशमा गएका र कोभिड-19को कारणबाट लामो समयसम्म रोजगार बिहिन भई अलपत्र अवस्थामा रहेका श्रमिकहरुलाई नेपाल ल्याउने सम्बन्धमा सम्बन्धित सरकारी निकायहरुले समन्वयात्मक रुपमा प्रभावकारी तरिकाले कार्यसम्पादन गर्न नसकेकोमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

यसरी अलपत्र अवस्थामा परेकाश्रमिकहरुलाई नेपाल ल्याउने कार्य तत्काल गर्न र जतिसक्दो छिटो त्यस्ता श्रमिकहरुलाई स्वदेश फिर्ता गरिसक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

3. विदेशबाट ल्याईएका श्रमिकहरुलाई क्वारेन्टीनमा राख्नुपर्ने अवस्थामा सम्बन्धित प्रदेश र स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरी व्यवस्थित तरिकालेक्वारेन्टीनमा राख्न सिसियमसी, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालय,संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय रसंघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

4. नेपाल सरकारले नेपालीश्रमिक रहेका मुलुकमा अवस्थित दुतावाससँग पर्याप्त समन्वयको अभावमा उद्धार कार्य प्रभावकारी हुन नसकेको पाईएकोले आउँदा दिनमा दुतावास र सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय गरी उद्धार कार्यमा कुनैपनि कमजोरी हुन नदिन सिसियमसीश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

5. कोभिड-19 का कारणले रोजगारी गुमाएका श्रमिकहरु हाल भोक भोकै रहेको विकराल अवस्था उत्पन्न भएकोले स्थानीय तहसँग समन्वय गरी भोकमरीको समस्या तत्काल समाधान गर्न नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालाय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

6. विदेशबाट आफ्नै खर्चमा स्वदेशआउन नसक्ने गरी अलपत्र अबस्थामारहेका श्रमिकहरुको यथार्थ तथ्याङ्क संकलन गरी त्यस्ता श्रमिकहरुलाई राज्यकोषबाट खर्च व्यहोरेरपनि ल्याउने ब्यबस्था गर्न नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

7. विदेशबाट नेपाल श्रमिक ल्याउँदा नेपाल वायुसेवा कम्पनीहरुलाईविदेशी एयरलाईन्स कम्पनीले नेपालमा उडान नभर्ने साउदी अरेविया जस्ता देशहरुमा केन्द्रित गर्न र अन्य देशमा जुन एयरलाईन्सबाट ल्याउँदा छिटो, छरितो, सहज र मितव्ययी हुन्छ त्यस्ता एयसलाईन्सलाई प्राथमिकता दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

8. कोभिड-19 का कारणबाट बेरोजगार बनेका श्रमिकहरुको तत्काल दर्ता/पञ्जिकरण गर्न र हाल देशमा कुन कुन क्षेत्रमा के कति श्रमिकहरुको आवश्यक छ सोको यथार्थ विवरण सार्वजनिक गरी नेपाल सरकारका अन्य मन्त्रालयका साथै प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी रोजगारी उपलब्ध गराउन नेपाल सरकार र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयलाई निर्देशन दिने।

9. नेपाली श्रमिकहरुलाई नेपाल ल्याउने उद्धार उडानहरु पर्याप्त संख्यामा सञ्चालन नभएको कारणबाट विदेशमा अलपत्र पर्ने नेपालीहरुको संख्या दिनप्रतिदिन बढ्दै जाने देखिएकोले नियमित र चार्टर दुबै प्रकारका उडानको संख्या तुरुन्त बृद्धि गरी जतिसक्दो छिटो सबै अलपत्र श्रमिकहरुलाई नेपाल ल्याउने कार्य सम्पन्न गर्न सिसियमसी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

**मिति –2077/05/29**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमा घरेलु कामदारको रुपमा खाडी मुलुकमा रहेका नेपाली श्रमिकहरुको अवस्थाका सम्बन्धमा समितिले गरेको अनुगमन भ्रमण प्रतिवेदन र नयाँ श्रमिकलाई अनुमति प्रदान लगायत उल्लेखित विषयका समसमायिक पक्षका सम्बन्धमा महिला तथा सामाजिक समितिका माननीय सभापति, राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव, गृह, परराष्ट्र, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, बैदेशिक रोजगार सरोकार समाज, बैदेशिक रोजगार संघ लगायतका निकायहरुका प्रतिनिधिहरुकोसहभागितामा भएको छलफल पश्चात देहायबमोजिम निर्णय गर्‍योः

1. समितिको आजको बैठकमा सहभागिहरुबाट उठेका विषयहरु समेतका आधारमा समितिको आगामी बैठक बसी थप छलफल गरी निष्कर्षमा पुग्ने।

2. समितिको अर्को बैठक वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी अध्ययन गर्न गठन भएको उपसमितिले तयार गरी समितिमा पेश भएको प्रतिवेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा 2077 साल भाद्र 31 गते बिहान 11:30 बजे बस्ने गरी स्थगितहुन्छ।

**मिति –2077/05/31**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमा वस्तुको प्रत्यक्ष बिक्री प्रतिवेदन लगायतका विषयमा छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय गर्‍योः

1. समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमावस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी उपसमितिको प्रतिवेदन माथि माननीय सदस्यहरुबाट उठाएका बिषयहरु प्रतिवेदनमा समावेश गरी आगामी बैठकमा पुःन छलफल गरी पारित गर्ने निर्णय भयो।

**मिति –2077/06/04**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमा घरेलु कामदारको रुपमा खाडी मुलुकमा रहेका नेपाली श्रमिकहरुको अवस्थाका सम्बन्धमा समितिले गरेको अनुगमन भ्रमण प्रतिवेदन, घरेलु श्रमिकलाई अनुमति प्रदान, वस्तुको प्रत्यक्ष बिक्री प्रतिवेदन लगायतका विषयमा छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय गर्‍योः

1. बैठकमावस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी अध्ययन प्रतिवेदन र घरेलु कामदारको रुपमा खाडी मुलुकमा रहेका नेपाली श्रमिकहरुको अवस्थाका सम्बन्धमा समितिले गरेको अनुगमन भ्रमण प्रतिवेदन सम्बन्धमा समितिमा छलफल भयो र आगामी बैठकमा पारित गर्ने गरी बस्ने निर्णय भयो।

**मिति –2077/06/09**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमा घरेलु कामदारको रुपमा खाडी मुलुकमा रहेका नेपाली श्रमिकहरुको अवस्थाका सम्बन्धमा समितिले गरेको अनुगमन भ्रमण प्रतिवेदन, घरेलु श्रमिकलाई अनुमति प्रदान, वस्तुको प्रत्यक्ष बिक्री प्रतिवेदन लगायतका विषयमा छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय गऱ्योः

1. समितिको आजको बैठकमावस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी अध्ययन प्रतिवेदन र घरेलु कामदारको रुपमा खाडी मुलुकमा रहेका नेपाली श्रमिकहरुको अवस्थाका सम्बन्धमा समितिले गरेको अनुगमन भ्रमण प्रतिवेदन समितिमा छलफल भयो। यसै सन्दर्भमा वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी अध्ययन प्रतिवेदन समितिले पारित गऱ्यो र घरेलु कामदारहरुको रुपमा खाडी मुलुकमा नेपाली श्रमिक पठाउने सम्बन्धमातयार भएको प्रतिवेदन माथि माननीय सदस्यहरुबाट उठेका विषयहरुलाई समावेश गरी आगामी बैठकबाट पारित गराउनको लागि यसै समितिका सदस्य माननीय लाल प्रसाद सावाँ लिम्बु, माननीय सुजाता परियार, माननीय नर बहादुर धामीलाई सचिवालयसँग आवश्यक समन्वय गरी तयार गर्ने निर्णय गऱ्यो।

**मिति –2077/06/13**

**निर्देशन तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमा घरेलु कामदारको रुपमा खाडी मुलुकमा रहेका नेपाली श्रमिकहरुको अवस्थाका सम्बन्धमा समितिले गरेको अनुगमन भ्रमण प्रतिवेदन र नयाँ श्रमिकलाई अनुमति प्रदान लगायत उल्लेखित विषयका समसमायिक पक्षका सम्बन्धमा छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय गर्‍योः

1. खाडी मुलुकमा घरेलु श्रमिकहरु पठाउने सम्बन्धमा समितिले ओमान, साउदी अरव र यू.ए.ई. मा गरेको स्थलगत अवलोकन भ्रमण, सम्बन्धित मुलुकका राजदुतहरुसँग प्रबिधिको प्रयोग गरी गरिएको छलफलबाट प्राप्त सुझाव, राष्ट्रिय मानव अधिकार आयोग लगायत सरोकार निकायसँग गरिएको छलफलबाट प्राप्त सुझाव र समितिका माननीय सदस्यहरुले समितिको बैठकमा दिनुभएका सुझाव समेतका आधारमा तयार गरिएको खाडी मुलुकको स्थलगत अनुगमन प्रतिवेदन पारित गर्ने र पारित भएको प्रतिवेदन कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने।

2. हाल बजारमा देखिएको खाद्य वस्तुको कृतिम अभाव र मूल्यबृद्धिका सम्बन्धमा समितिको गम्भीर ध्यानाकर्षण भयो। आउँदै गरेका दशैं, तिहार, छठ लगायतका चाडपर्वहरुमा खाद्य वस्तुहरुको कालोबजारी, कृतिम अभाव रमूल्यबृद्धि नियन्त्रण गर्ने र सर्वसाधारणलाई वस्तु तथा सेवाको सहज आपूर्ति गर्न बजार अनुगमन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन उद्योग, वाणिज्य र तथा आपूर्ति र गृह मन्त्रालयलाई निर्देशन दिने।

3. कोभिड-19 को कारणबाट श्रमिकहरुले सहज रुपमा काम पाउने अवस्था नभई कतिपय श्रमिकहरु भोकभोकै बस्नुपर्ने अवस्था उत्पन्न भएकोले प्रदेश तथा स्थानीय निकायहरुसँग आवश्यक समन्वय गरी त्यस्ता श्रमिकहरुलाई कामको व्यवस्था गरी पारिश्रमिक प्रदान गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति श्रम, रोजगार तथा सामाजिक सुरक्षा, कृषि तथा पशुपंक्षी, भूमिसुधार तथा गरिवि निवारण मन्त्रालय लगायतका सम्बन्धित सबै सरोकारवाला निकायहरुलाई निर्देशन दिने।

4. संघीय संसद सचिवालयको मिति 2077/06/05 को बार्षिक कार्यक्रम बाँडफाँड सम्बन्धी पत्र प्राप्त भएकोमा समितिको कार्यक्रम खर्च मध्येबाट संघीय संसद सचिवालय र संघीय संसद सचिवालयको अन्य ठाउँमा रहेकासमितिलाई आवश्यक पर्नेडकुमेण्ट डिजिटलाईजेशन गरी समितिको सूचना प्रणाली (MIS) लाई व्यवस्थित गर्न समिति सचिवालायलाई निर्देशन दिने।

**मिति ः2077/06/25**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक समितिका सभापतिज्यूको अध्यक्षतामा बस्यो।बैठकमा उपभोग्य बस्तुको विद्यमान बजार मूल्य, मास्क, सेनिटाईजर जस्ता स्वास्थ्य सामाग्रीको गुणस्तर नियमन एवं समसमायिक विषयका सम्बन्धमा छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय गर्‍यो ः

1. दशैं, तिहार/म्ह पूजा, छठ, नेपाल बर्ष लगायतका चाडपर्वहरुमा पानी तथा दैनिक उपभोग्य खाद्य बस्तुहरुकोबजार मूल्य र गुणस्तर अनुगमन गर्नका लागि 45 दिन म्याद हुने गरी देहाय बमोजिम सदस्य रहने बजार अनुगमन उपसमिति गठन गर्ने निर्णय गर्‍यो।

| | | |
|---|---|---|
| 1. | मा. श्री प्रकाश रसाईली (स्नेही) | संयोजक |
| 2. | मा.श्री अमृतादेवी अग्रहरी | सदस्य |
| 3. | मा.श्री दिल कुमारी | सदस्य |
| 4. | मा.श्री मायादेवी न्यौपाने | सदस्य |